राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २५ २०८३ साउन २८ गते विहिवार (13 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## प्रहरी समायोजन तत्काल अघि बढाउन आग्रह



दैनिक समाचारदाता
जनकपुरधाम, २७ साउन । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशमा प्रहरी समायोजनको प्रक्रिया तत्काल अघि बढाउन संघीय गृहमन्त्री सुदन गुरुङसँग आग्रह गर्नुभएको छ।

गृह मन्त्रालयमा बुधबार भएको भेटवार्तामा मुख्यमन्त्री यादवले मधेश प्रदेशको पछिल्लो शान्ति-सुरक्षाको अवस्था, प्रदेश प्रहरी संरचना तथा संघ र प्रदेशबीचको समन्वयलगायत समसामयिक विषयमा गृहमन्त्री गुरुङसँग छलफल गर्नुभएको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

भेटमा मुख्यमन्त्री यादवले संविधानले प्रदेशलाई प्रदान गरेको अधिकार कार्यान्वयन गर्दै प्रहरी समायोजनको प्रक्रिया यथाशीघ्र अघि बढाउन संघीय सरकारसँग आग्रह गर्नुभएको हो।

उहाँले प्रहरी समायोजनसहित प्रदेशका संवैधानिक अधिकारको प्रभावकारी कार्यान्वयन भएपछि मात्र संघीयताको मर्मअनुसार प्रादेशिक संरचना थप सुदृढ हुने बताउनुभयो।

जनकपुरधाममा प्रधानमन्त्रीले निर्वाचनका क्रममा व्यक्त गर्नुभएको प्रतिबद्धता स्मरण गराउँदै मुख्यमन्त्री यादवले प्रदेशको संस्थागत सुदृढीकरणका लागि आवश्यक कानुनी तथा प्रशासनिक काम अघि बढाउन संघीय सरकारको सहयोग आवश्यक रहेको बताउनुभयो।

त्यस्तै, मधेश प्रदेशमा स्थिरता र विकासका लागि निजामती सेवासम्बन्धी कानुनको प्रभावकारी कार्यान्वयन तथा प्रदेश सरकारका अधिकार सुनिश्चित गर्न संघीय सरकारसँग आवश्यक सहकार्य गर्नुपर्नेमा पनि मुख्यमन्त्री यादवले जोड दिनुभयो।

यसअघि मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेश प्रदेश सभाबाट पारित प्रदेश प्रहरी ऐन र निजामती सेवासम्बन्धी ऐन तथा प्रहरी समायोजनका लागि प्रदेश सरकारले गरेका प्रयासबारे जानकारीसहितका पत्र गृहमन्त्री गुरुङलाई हस्तान्तरण गर्नुभएको थियो। प्रदेश प्रहरी भर्नाका लागि चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले करिब ३ अर्ब रुपैयाँ बजेट विनियोजन गरेको जानकारीसमेत गृहमन्त्रीलाई गराइएको मन्त्री महतोले बताउनुभयो।

प्रदेश सरकारले प्रहरी संरचनाको सुदृढीकरणका लागि हालसम्म गरेको लगानी तथा आगामी योजनाबारे पनि गृहमन्त्रीलाई अवगत गराइएको उहाँको भनाइ छ।

मधेश प्रदेश सभाको पहिलो कार्यकालमै प्रदेश प्रहरी ऐन तथा निजामती सेवासम्बन्धी ऐन सर्वसम्मत रूपमा पारित भए पनि संघीय तहबाट प्रहरी समायोजनलगायतका प्रक्रिया अघि नबढ्दा प्रदेशले आफ्ना संवैधानिक अधिकार पूर्ण रूपमा प्रयोग गर्न नसकेको प्रदेश सरकारको गुनासो रहँदै आएको छ।

# मिटरब्याज पीडित महिलाद्वारा अदालत अगाडि आत्मदाहको प्रयास



दैनिक समाचारदाता
जनकपुरधाम, २७ साउन । धनुषा जिल्ला अदालतअगाडि एक मिटरब्याज पीडित महिलाले आत्मदाहको प्रयास गरेकी छन्।
जनकपुरधाम उपमहा नगरपालिका-४ की फुलकुमारी रजकले बुधबार दिउँसो शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गरेकी हुन्।
मिटरब्याजसम्बन्धी मुद्दामा पीडितहरूले अदालत परिसरअगाडि नाराबाजीसहित विरोध प्रदर्शन गरिरहेका बेला रजकले अचानक शरीरमा पेट्रोल खन्याएकी थिइन्। प्रहरीले तत्काल हस्तक्षेप गरी उनलाई रोकेपछि सम्भावित दुर्घटना टरेको छ।
रजकले आफूहरूलाई न्याय नदिइएको भन्दै अदालतको फैसलाप्रति आक्रोश व्यक्त गरेकी छन्। उनले न्यायाधीशले पैसा लिएर साहुलाई छाडेको आरोपसमेत लगाएकी छन्। यद्यपि, उक्त आरोपको स्वतन्त्र पुष्टि भएको छैन।
यसैबीच, मिटरब्याजसम्बन्धी कसुरमा पक्राउ परेका गोपाल साह, रेखा साह र हरेराम साहविरुद्ध धनुषा जिल्ला अदालतमा बुधबार थुनछेक बहस भइरहेको छ। सोही बहसका क्रममा पीडितहरूले अदालतबाहिर प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा आत्मदाहको प्रयास भएपछि अदालत परिसरमा केही समय तनावपूर्ण अवस्था सिर्जना भएको थियो। प्रहरीले प्रदर्शनकारीलाई नियन्त्रणमा राख्दै अदालत परिसरको सुरक्षा व्यवस्था कडा बनाएको छ।
मिटरब्याजको समस्या समाधान तथा आफूहरूले न्याय पाउनुपर्ने माग गर्दै पीडितहरूले लामो समयदेखि विभिन्न चरणमा आन्दोलन गर्दै आएका छन्। उनीहरूले ऋणको नाममा साहुबाट भएको कथित शोषण र अन्याय अन्त्य गरी दोषीमाथि कारबाही तथा पीडितलाई न्याय दिन माग गर्दै आएका छन्।


## कोशी सरकारबाट कांग्रेस बाहिरियो

दैनिक समाचारदाता
विराटनगर, २७ साउन । कोशी प्रदेश सरकारमा नेपाली कांग्रेसका तर्फबाट प्रतिनिधित्व गर्ने चार मन्त्री र एक राज्यमन्त्रीले पदबाट राजीनामा दिनुभएको छ। केन्द्रमा नयाँ सत्ता समीकरण बनेपछि कांग्रेस प्रदेश सरकारबाट बाहिरिएको हो।
कांग्रेसका मन्त्रीहरूले बुधबार अपराह्न विराटनगरस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद्को अन्तिम बैठकमा सहभागी भएपछि मुख्यमन्त्री हिक्मतकुमार कार्कीसामु राजीनामा बुझाउनुभएको हो।
राजीनामा दिनेमा भौतिक पूर्वाधार विकासमन्त्री प्रदीपकुमार सुनुवार, पर्यटन, वन तथा वातावरणमन्त्री भीम पराजुली, उद्योग, कृषि तथा सहकारीमन्त्री इस्राइल मन्सुरी, स्वास्थ्यमन्त्री मानबहादुर लिम्बू तथा भौतिक पूर्वाधार विकास राज्यमन्त्री शोभा चेम्जोङ हुनुहुन्छ।कांग्रेसका तर्फबाट मन्त्रिपरिषद्मा नेतृत्व गर्नुभएका मन्त्री सुनुवारले नयाँ राजनीतिक गठबन्धन बनेको अवस्थामा प्रदेश सभालाई विपक्षीविहीन बनाउन नहुने मान्यताका आधारमा आफूहरूले पदबाट राजीनामा दिएको बताउनुभयो। उहाँले संविधानको धारा १६८ को उपधारा (५) बमोजिम बनेको सरकारलाई थप अस्थिर नबनाउने पक्षमा कांग्रेस रहेको उल्लेख गर्नुभयो।
"प्रदेशलाई धेरै अस्थिर बनाउनु हुँदैन भन्ने हाम्रो मान्यता हो। तर केन्द्रमा बनेको नयाँ राजनीतिक परिस्थितिअनुसार अघि बढ्नुपर्ने अवस्था आएको छ," उहाँले भन्नुभयो।
कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार २०८१ भदौ २८ गते कांग्रेस कोशी प्रदेश सरकारमा सहभागी भएको थियो। मुख्यमन्त्री कार्कीले सरकारमा सहभागी दलका मन्त्रीलाई कार्यकालको आधा-आधा अवधिका लागि जिम्मेवारी दिने सहमतिअनुसार २०८२ पुस २२ गते मन्त्रिपरिषद् पुनर्गठन हुँदा हाल राजीनामा दिने मन्त्रीहरू नियुक्त हुनुभएको थियो।


### *मन्त्रिपरिषद्का निर्णय*

यसैबीच, बुधबार बसेको कोशी प्रदेश मन्त्रिपरिषद्को बैठकले विभिन्न छवटा महत्वपूर्ण निर्णय गरेको छ।
सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्रीले दिएको जानकारीअनुसार बैठकले परिमार्जित 'कोशी प्रदेश तथ्याङ्क नियमावली, २०८३' तथा 'कोशी प्रदेश वन (पहिलो संशोधन) नियमावली, २०८३' स्वीकृत गर्ने निर्णय गरेको छ।
कर्मचारी हेरफेरअन्तर्गत प्रदेश योजना आयोगका सचिव विष्णुप्रसाद कोइरालालाई सामाजिक विकास मन्त्रालय र सामाजिक विकास मन्त्रालयका सचिव उद्धवप्रसाद रिजाललाई प्रदेश योजना आयोगमा कामकाजका लागि खटाउने निर्णय गरिएको छ।
त्यस्तै, शिक्षा विकास निर्देशनालयका अधिकृत विष्णुप्रसाद पोखरेलको अनिवार्य अवकाश स्वीकृत गरिएको छ। बैठकले साउन १ गतेदेखि लागू हुने गरी कर्मचारीहरूको नयाँ तलबमान तथा १० प्रतिशत मासिक प्रोत्साहन भत्ता स्वीकृत गरेको छ। साथै, 'कोशी प्रदेश दलित अधिकारसम्बन्धी विधेयक' प्रदेश सभामा पेस गर्नसमेत स्वीकृति प्रदान गरिएको छ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# सिर्जनशीलताको अवसान

भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा आफ्नो सम्पूर्ण जीवन समर्पित गर्ने विशिष्ट साधक डा. राजेन्द्र विमल अब हामीमाझ रहनुभएन। उहाँको निधन केवल एक जना साहित्यकारको देहावसान मात्र होइन, मिथिलाको साहित्यिक, सांस्कृतिक र बौद्धिक जगत्ले एक अनुभवी अभिभावक गुमाउनु पनि हो। उहाँको प्रस्थानसँगै नेपाली तथा मैथिली साहित्यको एउटा सशक्त र सिर्जनशील युगको अन्त्य भएको अनुभूति भएको छ।

मैथिली, नेपाली, हिन्दी र अंग्रेजी भाषामा समान दखल राख्ने डा. विमल बहुआयामिक व्यक्तित्व हुनुहुन्थ्यो। उहाँले साहित्य सिर्जनामार्फत समाज, संस्कृति र मानवीय संवेदनालाई अभिव्यक्त मात्र गर्नुभएन, जनकपुर र मिथिलाको सांस्कृतिक चेतनालाई नेपाली साहित्यको मूल प्रवाहसँग जोड्ने महत्वपूर्ण भूमिका पनि निर्वाह गर्नुभयो। भाषा र साहित्यलाई केवल लेखनको विषय नठानी समाजको चेतना र पहिचानसँग जोड्ने उहाँको दृष्टि सधैँ स्मरणीय रहनेछ।

उहाँको निधनपछि देखिएको जनसहभागिता र श्रद्धाञ्जलीले डा. विमलप्रति समाजको गहिरो सम्मान प्रकट गरेको छ। संघीय तथा प्रदेश सरकारका प्रतिनिधि, जनप्रतिनिधि, विभिन्न राजनीतिक दलका नेता, साहित्यकार, पत्रकार, कलाकार, प्राध्यापक, शिक्षक, विद्यार्थी, सामाजिक अभियन्ता तथा सर्वसाधारणले उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्नु उहाँले जीवनभर आर्जन गर्नुभएको सम्मानको प्रमाण हो। राजकीय सम्मानका साथ अन्त्येष्टि हुनु पनि उहाँको योगदानप्रति राज्य र समाजले गरेको सम्मानका रूपमा लिन सकिन्छ।

डा. राजेन्द्र विमलको व्यक्तित्व साहित्यमा मात्र सीमित थिएन। उहाँ मिथिलाको सभ्यता, संस्कृति र भाषिक पहिचानका सचेत संरक्षक हुनुहुन्थ्यो। उहाँले सिर्जनाका माध्यमबाट समाजलाई सोच्न, आफ्नो सांस्कृतिक धरातल चिन्न र मानवीय मूल्यप्रति संवेदनशील बन्न प्रेरित गर्नुभयो। उहाँका विचार, लेखन र सिर्जनाले भावी पुस्तालाई समेत मार्गदर्शन गरिरहनेछन्।

महान् व्यक्तित्वहरू शारीरिक रूपमा संसारबाट बिदा भए पनि उनीहरूका विचार र सिर्जना समाजमा जीवित रहन्छन्। डा. विमल पनि अब आफ्ना कृति, विचार र सांस्कृतिक योगदानमार्फत हाम्रो स्मृतिमा निरन्तर जीवित रहनुहुनेछ। उहाँको निधनले सिर्जना गरेको रिक्तता तत्काल पूरा हुन सक्दैन। तर उहाँले देखाएको बाटो, भाषाप्रतिको प्रेम र साहित्यप्रतिको समर्पणलाई निरन्तरता दिनु नै उहाँप्रतिको सच्चा श्रद्धाञ्जली हुनेछ।

डा. राजेन्द्र विमलप्रति हार्दिक श्रद्धाञ्जली। शोकसन्तप्त परिवार, आफन्त तथा उहाँका असंख्य शुभेच्छुकप्रति गहिरो समवेदना।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# नेपाली माटो सुहाउँदो समाजवादी अवधारणा

आनन्दप्रसाद पोखरेल

नेपालमा समाजवाद निर्माणको अवधारणालाई राजनीतिक दर्शनको बहसमा सीमित राखेर अब पुग्दैन। मार्क्सलगायत विश्वका विभिन्न दार्शनिकहरूले प्रतिपादन गरेका समाजवादका सिद्धान्त हामीले पढेका र बुझेका छौं। संविधान र राजनीतिक घोषणापत्रमा समाजवादउन्मुख अर्थव्यवस्थालाई संविधानले प्रतिबद्धता पनि व्यक्त गरेको छ। तर, हामीले पढेको र बुझेको समाजवाद नेपाली नागरिकले आफ्नो दैनिक जीवनमा कति अनुभूत गर्न पाएका छन् ? अहिलेसम्म पक्कै पाएका छैनन्।

यदि समाजवादले नागरिकलाई सामाजिक न्याय दिँदैन, रोजगारी दिन सकेन, किसानको उत्पादनलाई उचित बजार दिन सकेन, युवालाई देशमै भविष्य देखाउन सकेन, शिक्षा र स्वास्थ्यमा समान अवसर सुनिश्चित गर्न सकेन, भ्रष्टाचार र बिचौलियातन्त्र नियन्त्रण गर्न सकेन, र राज्यप्रति नागरिकको विश्वास बढाउन सकेन भने समाजवाद नारामा मात्र सीमित हुन्छ। सपना ठुलो हुन्छ तर प्राप्ति हुँदैन।

त्यसैले नेपालमा अब समाजवादको नयाँ बहस आवश्यक भइसकेको छ। यो बहसले पुराना सिद्धान्तलाई अस्वीकार गर्ने होइन; त्यसलाई नेपालको वर्तमान आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक यथार्थसँग जोडेर व्यवहारमा लागू गर्न सकिने नेपाली समाजवादको मौलिक प्रारूप तयार गर्ने बहस सुरु गर्नुपर्दछ।

अबको समाजवाद न त राज्यले अर्थतन्त्रका सबै क्षेत्र नियन्त्रण गर्ने पुरानो केन्द्रीकृत मोडेल हुन सक्छ, न त बजारलाई पूर्णतः स्वतन्त्र छाडेर सामाजिक दायित्वबाट राज्य पन्छिने अनियन्त्रित पुँजीवाद नै हुन्छ ! नेपालको समाजवादले कम्तीमा जनतालाई लोकतन्त्र, सामाजिक सुरक्षा, न्याय, उत्पादन वृद्धि, निजी उद्यम, सहकारी, सामुदायिक सहभागिता र सक्षम राज्यबीच सन्तुलन कायम गर्न सक्नुपर्छ।

हामीले खोजेको समाजवादको मूल सूत्र सरल हुनुपर्छ- उत्पादनमा वृद्धि, वितरणमा न्याय, अवसरमा समानता, शासनमा सुशासन र राजनीतिमा लोकतन्त्र हुन सके समाजवादको पहिलो खुड्किलो पूरा हुन्छ।

### *समाजवादको नेपाली परिभाषा*

एक्काइसौँ शताब्दीमा समाजवादलाई केवल राज्य स्वामित्व वा सम्पत्तिको पुनर्वितरणका आधारमा परिभाषित गर्नु पर्याप्त हुँदैन। नेपाली समाजवादको केन्द्रमा मानिस हुनुपर्छ। सामाजिक न्याय, मानवीय गरिमा र नागरिकको जीवनस्तर यसको प्रमुख मापदण्ड रहनुपर्छ।

मानिस-मानिसबीचको शोषण, असमानता र वञ्चना घटाउँदै प्रत्येक नागरिकको स्वतन्त्रता, समान अवसर, सामाजिक न्याय, मानवीय गरिमा र सामूहिक हित सुनिश्चित गर्ने लोकतान्त्रिक सामाजिक व्यवस्था नै नेपाली समाजवाद हो।

यस परिभाषाले व्यक्ति र समाजलाई विरोधी होइन, परिपूरक ठान्छ। व्यक्तिको सिर्जनशीलता, श्रम, उद्यम र प्रतिभालाई प्रोत्साहन गर्छ। तर त्यसबाट सिर्जित सम्पत्ति र अवसर केही सीमित वर्गमा मात्र केन्द्रित हुन दिँदैन।

त्यसैले नेपाली समाजवादको प्रश्न "कसले कति सम्पत्ति राख्ने ?" भन्ने होइन। मूल प्रश्न हो, "प्रत्येक नेपालीले सम्मानपूर्वक, स्वतन्त्र, सुरक्षित र समान अवसरसहित बाँच्न पाउने समाज कसरी निर्माण गर्ने ?"

### *नेपाली समाजवादको दार्शनिक आधार:*

नेपालमा मात्र होइन, विश्वव्यापी रूपमा समाजवादका दार्शनिक आधार धेरै छन्। चीन, कोरिया, रुस, युरोप, क्युबा लगायत विभिन्न देशले आ-आफ्ना समाजवादको आधार तयार गरेका छन्। अब नेपालले पनि संविधानको लक्ष्य भेट्टाउन नेपाली समाजवादको आधार तयार गर्नुपर्छ। छलफलका लागि पाँच आधार दिइएको छ:

*१. मानवकेन्द्रित:* अर्थतन्त्र मानिसका लागि हो, मानिस अर्थतन्त्रका लागि होइन। आर्थिक वृद्धिको अन्तिम मापन राष्ट्रिय आयको अंक मात्र होइन, नागरिकको जीवनस्तर, अवसर र मानवीय गरिमा हो। समाजवादले मानवकेन्द्रित आधार तयार गर्नुपर्छ।

*२. समानता:* समानता निरपेक्ष हुँदैन। सबैलाई एउटै बनाउनु समानता होइन। अधिकार, अवसर, सम्मान र न्यायमा समानता कायम गर्नु समाजवादको उद्देश्य हो। जन्म, जात, लिङ्ग, भूगोल वा आर्थिक अवस्थाका कारण अवसरमा विभेद हुनु हुँदैन।

*३. स्वतन्त्रता:* संविधानको मौलिक हकमा समावेश राजनीतिक स्वतन्त्रता मात्र पर्याप्त हुँदैन। मौलिक हकको आर्थिक, सामाजिक, शिक्षा, स्वास्थ्य, आवास र खानपानको हकको प्रत्याभूति हुनुपर्छ। बेरोजगार, अशिक्षित वा आर्थिक रूपमा असुरक्षित नागरिकलाई अधिकार दिएर उनीहरूको स्वतन्त्रता बलियो बनाउनु नै समाजवाद हो। त्यसैले आर्थिक र सामाजिक अवसर विस्तार गर्नु पनि स्वतन्त्रताको रक्षा हो।

*४. सामाजिक न्याय:* उत्पादन र सम्पत्तिको लाभ समाजका कमजोर वर्गसम्म न्यायपूर्ण ढंगले पुग्नुपर्छ। तर सामाजिक न्यायको अर्थ उत्पादन गर्ने, जोखिम लिने र सिर्जना गर्ने व्यक्तिको क्षमतालाई दण्डित गर्नु होइन। न्याय र उत्पादनबीच सन्तुलन आवश्यक छ। समाजका विपन्न, गरिब र सीमान्तकृत जनतालाई न्यायको प्रत्याभूति कायम गरिनुपर्छ।

*५. सामूहिक हित:* व्यक्तिको प्रगति र समाजको प्रगतिलाई परस्पर विरोधी होइन, परिपूरक मान्नु नेपाली समाजवादको आधार हुनुपर्छ। व्यक्तिको स्वतन्त्रता र सामूहिक हितबीच सन्तुलन कायम गर्नु यसको मूल उद्देश्य हो।

### *नेपालको समाजवादी समाज निर्माणका प्रमुख कार्ययोजना र कार्यभार*

माथि उल्लेखित दार्शनिक आधारलाई व्यवहारमा रूपान्तरण गर्न नेपालको अर्थराजनीतिलाई क्रमशः समाजवादी दिशामा अघि बढाउने स्पष्ट कार्ययोजना र कार्यभार तयार गर्ने जमर्को गरिएको छ:

*१. लोकतान्त्रिक समाजवाद (लोकतन्त्र नै राजनीतिक आधार):* नेपाली समाजवादको पहिलो आधार लोकतन्त्र हो। बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, अभिव्यक्ति स्वतन्त्रता, मानव अधिकार, स्वतन्त्र न्यायपालिका र विधिको शासनलाई कमजोर बनाएर समाजवाद निर्माण हुन सक्दैन। समाजवादका नाममा नागरिक स्वतन्त्रता कुण्ठित गर्ने होइन, आर्थिक र सामाजिक न्यायसँगै राजनीतिक स्वतन्त्रतालाई बलियो बनाउने हो। लोकतन्त्र र सामाजिक न्याय नेपाली समाजवादका परस्परपूरक आधार हुन्।

*२. उत्पादनमुखी अर्थतन्त्र:* समाजवादको पहिलो आर्थिक आधार उत्पादन वृद्धि हो। उत्पादन नगरी वितरण गर्न खोज्दा अन्ततः राज्य ऋण, आयात र परनिर्भरतामा फस्छ। नेपालको अर्थतन्त्रमा आयातमा उच्च निर्भरता, कमजोर औद्योगिक आधार, कृषि क्षेत्रमा संरचनागत समस्या र पर्याप्त रोजगारीको अभाव प्रमुख चुनौती हुन्। त्यसैले कृषि, ऊर्जा, पर्यटन, उद्योग, सूचना-प्रविधि र पूर्वाधारलाई राष्ट्रिय उत्पादनका प्रमुख इन्जिन बनाउनुपर्छ। जलविद्युत्लाई केवल विद्युत् बिक्रीको माध्यम होइन, सस्तो ऊर्जा उपलब्ध गराएर उद्योग र रोजगारी विस्तार गर्ने आधार बनाउनुपर्छ। पर्यटनलाई होटल र भ्रमणमा मात्र सीमित नराखी स्थानीय उत्पादन, संस्कृति र रोजगारीसँग जोड्नुपर्छ। उत्पादन नबढाई समाजवाद सम्भव छैन।

*३. किसानको सम्मान र कृषि अर्थतन्त्रको रूपान्तरण:* कृषिलाई निर्वाहमुखी अवस्थाबाट व्यावसायिक र उत्पादनमुखी अर्थतन्त्रमा रूपान्तरण नगरी नेपालको समाजवाद अधुरो रहन्छ। किसानलाई केवल अनुदान दिने होइन, सिँचाइ, प्रविधि, मल, बीउ, कृषि बिमा, भण्डारण, प्रशोधन, यातायात र बजारको सुनिश्चितता गर्नुपर्छ। किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने व्यवस्था हुनुपर्छ। गाउँमा उत्पादन र रोजगारी बढे मात्र अनियन्त्रित बसाइँसराइ घट्छ र स्थानीय अर्थतन्त्र बलियो हुन्छ।

*४. रोजगारी (युवाको भविष्य देशमै):* नेपालको ठुलो सामाजिक चुनौती युवाको वैदेशिक रोजगारीमा बढ्दो निर्भरता हो। रेमिट्यान्सले अर्थतन्त्रलाई महत्त्वपूर्ण सहयोग गरेको छ, तर त्यसलाई स्थायी विकासको विकल्प बनाउन सकिँदैन। अबको समाजवादले युवालाई विदेश जान रोक्ने होइन, देशमै बस्दा भविष्य देख्न सक्ने वातावरण निर्माण गर्नुपर्छ। कृषि, उद्योग, पर्यटन, सूचना-प्रविधि, निर्माण, ऊर्जा र उद्यमशीलतामा रोजगारी सिर्जना गर्नुपर्छ। राज्यले सबैलाई जागिर दिने होइन, रोजगारी सिर्जना हुने वातावरण बनाउने हो। निजी क्षेत्र, सहकारी, सार्वजनिक क्षेत्र र स्थानीय समुदायबीचको साझेदारीबाट रोजगारीको नयाँ अर्थतन्त्र निर्माण गर्नुपर्छ।

*५. शिक्षा र स्वास्थ्य (नागरिक अधिकार, खर्च होइन लगानी):* समाजवादको वास्तविक परीक्षा नागरिकले कस्तो शिक्षा र स्वास्थ्य सेवा पाउँछन् भन्नेबाट हुन्छ। सार्वजनिक शिक्षाको गुणस्तर सुधार नगरी विद्यालयको संख्या बढाउनु मात्र पर्याप्त हुँदैन। स्वास्थ्यमा पनि आधारभूत सेवाबाट विशेषज्ञ उपचारसम्म पहुँच विस्तार गर्नुपर्छ। धनी परिवारले राम्रो शिक्षा र स्वास्थ्य किन्न सक्ने तर गरिब नागरिक अवसरबाट वञ्चित हुने अवस्था सामाजिक न्याय होइन। त्यसैले गुणस्तरीय सार्वजनिक शिक्षा र स्वास्थ्यलाई राज्यको प्रमुख प्राथमिकता बनाउनुपर्छ। शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रमा गरिएको खर्च भविष्यको लगानी हो, यसमा खर्च गर्न डराउनु हुँदैन।

*६. निजी क्षेत्र (विरोध होइन, सामाजिक उत्तरदायित्वसहितको साझेदारी):* नेपाली समाजवादले निजी उद्यमलाई शत्रु ठान्नु हुँदैन। पुँजी, प्रविधि, व्यवस्थापन, नवप्रवर्तन र रोजगारी सिर्जनामा निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका हुन्छ। तर निजी क्षेत्रको स्वतन्त्रताको अर्थ एकाधिकार, श्रमशोषण वा उपभोक्तामाथि अन्याय गर्ने स्वतन्त्रता होइन। राज्यले स्पष्ट नियम बनाउने, प्रतिस्पर्धा कायम गर्ने तथा एकाधिकार र अनुचित व्यापारिक अभ्यास नियन्त्रण गर्ने हो। स्वतन्त्र उद्यम + सामाजिक उत्तरदायित्व + प्रभावकारी नियमन नेपाली समाजवादी अर्थतन्त्रको व्यावहारिक सूत्र बन्न सक्छ।

*७. सहकारी:* सहकारी नेपाली समाजवादको महत्त्वपूर्ण माध्यम बन्न सक्छ। तर सहकारीलाई राजनीतिक संरक्षण, व्यक्तिगत लाभ वा वित्तीय दुरुपयोगको केन्द्र बनाइयो भने यसको सामाजिक विश्वास समाप्त हुन्छ। सहकारीको उद्देश्य सामूहिक पुँजी निर्माण, कृषि तथा स्थानीय उत्पादन, रोजगारी र समुदायको आर्थिक सशक्तीकरण हुनुपर्छ। पारदर्शिता, सदस्यको वास्तविक स्वामित्व र कडा वित्तीय अनुशासन अनिवार्य बनाउनुपर्छ। राजनीतिक भर्ती होइन, सामूहिक उत्पादन प्रणाली तयार गर्नुपर्छ।

*८. अवसरको समानता:* समाजवादले श्रम, क्षमता, सिर्जनशीलता र उद्यमशीलताको उचित प्रतिफललाई अस्वीकार गर्नु हुँदैन। सबैलाई समान परिणाम दिन खोज्दा उत्पादन र प्रतिस्पर्धाको प्रेरणा कमजोर हुन सक्छ। तर जन्म, जात, लिङ्ग, भूगोल, आर्थिक अवस्था वा पारिवारिक पृष्ठभूमिका कारण अवसरमा विभेद हुनु हुँदैन। परिणामको जबर्जस्ती समानता खोज्नु होइन। त्यसैले नेपाली समाजवादको लक्ष्य समान अवसर, न्यायपूर्ण प्रतिस्पर्धा र आवश्यक सामाजिक संरक्षण हुनुपर्छ।

*९. सामाजिक सुरक्षा:* ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, असहाय तथा विपन्न नागरिकलाई सामाजिक सुरक्षा दिनु राज्यको दायित्व हो। तर सामाजिक सुरक्षा केवल भत्ता वितरणमा सीमित हुनु हुँदैन। सीप, रोजगारी, उत्पादन र आत्मनिर्भरतासँग जोडिएको सामाजिक सुरक्षा प्रणाली निर्माण गर्नुपर्छ। नागरिकलाई राज्यमा निर्भर बनाउने होइन, राज्यको सहयोगबाट सक्षम बनाउने नीति आवश्यक छ। संरक्षणसँगै आत्मनिर्भरता प्रदान गर्ने गरी नीति बनाउनुपर्छ।

*१०. सक्षम राज्य र बलिया संस्था:* समाजवाद बलियो नेता वा शक्तिशाली पार्टीबाट होइन, बलिया संस्था र विधिको शासनबाट निर्माण हुन्छ। स्वतन्त्र न्यायपालिका, उत्तरदायी प्रशासन, पारदर्शी निर्वाचन प्रणाली, सक्षम स्थानीय सरकार र प्रभावकारी सार्वजनिक संस्थाबिना समाजवादको सपना व्यवहारमा आउँदैन। राज्य नागरिकमाथि शासन गर्ने शक्ति होइन, नागरिकको सेवा गर्ने संस्था बन्नुपर्छ। राज्यको आकारभन्दा राज्यको क्षमता, इमानदारी र डेलिभरी (सेवा प्रवाह) को प्रभावकारिता महत्त्वपूर्ण हुन्छ।

*११. भ्रष्टाचार र बिचौलियातन्त्रको अन्त्य:* भ्रष्टाचार भएको राज्यमा समाजवाद केवल भाषण हुन्छ। राज्यका स्रोत नागरिकका लागि हुन्, कुनै नेता, कर्मचारी, व्यवसायी वा बिचौलिया र दलाल पुँजीवादको लागि होइनन्। सार्वजनिक खरिदमा पारदर्शिता, डिजिटल शासन, सम्पत्ति परीक्षण, हितको द्वन्द्व नियन्त्रण, राजनीतिक तथा प्रशासनिक जवाफदेहिता र प्रभावकारी दण्ड प्रणाली आवश्यक छ। समाजवादको अर्थ राज्य ठुलो बनाउनु होइन, राज्यलाई इमानदार, सक्षम र उत्तरदायी बनाउनु हो।

*१२. राजनीतिक संस्कार परिवर्तन:* समाजवाद निर्माण गर्ने राजनीतिक दल आफैँभित्र व्यक्तिपूजा, गुटबन्दी, आर्थिक अपारदर्शिता, अवसरवाद र विधिको अवहेलना राखेर समाजलाई समाजवादको शिक्षा दिन सक्दैन। त्यसैले राजनीतिक दलमा आन्तरिक लोकतन्त्र, विधि-विधानको पालना, सामूहिक निर्णय, आर्थिक पारदर्शिता, अनुशासन र जनउत्तरदायित्व स्थापित हुनुपर्छ। नयाँ राजनीतिक संस्कार र संस्कृति निर्माण गरिनुपर्छ। दलको व्यवहार नै समाजवादको पहिलो राजनीतिक विद्यालय हो।

*१३. सीमावर्ती र ग्रामीण समुदाय केन्द्रित विकास:* नेपालको भूराजनीतिक संवेदनशीलता काठमाडौँमा मात्र बुझिँदैन। हिमाली तथा सीमावर्ती क्षेत्रमा बस्ने नागरिकको जीवनस्तर, पूर्वाधार र राज्यसँगको सम्बन्ध राष्ट्रिय सुरक्षासँग प्रत्यक्ष जोडिएको छ। सडक, सञ्चार, शिक्षा, स्वास्थ्य, विद्युत्, रोजगारी र व्यापारिक अवसरबाट सीमावर्ती समुदायलाई जोड्नु सामाजिक न्याय मात्र होइन, राष्ट्रिय सुरक्षाको रणनीति पनि हो। विकासको केन्द्र काठमाडौं मात्र होइन; गाउँ, हिमाल र सीमासम्म पुग्नुपर्छ।

*१४. प्रविधिमैत्री समाजवाद:* एक्काइसौँ शताब्दीको समाजवाद डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, स्वचालन र नवप्रवर्तनबाट अलग हुन सक्दैन। प्रविधिले उत्पादन र सेवा छिटो, सस्तो र प्रभावकारी बनाउन सक्छ; तर यसको लाभ केही कम्पनी वा वर्गमा मात्र सीमित भयो भने नयाँ असमानता जन्मिन सक्छ। त्यसैले डिजिटल शिक्षा, सार्वजनिक डिजिटल पूर्वाधार, ई-शासन, प्रविधिमा युवाको पहुँच र स्थानीय उत्पादनमा आधुनिक प्रविधिको प्रयोगलाई राज्यको प्राथमिकता बनाउनुपर्छ। प्रविधि नागरिकमाथि शासन गर्ने साधन होइन, नागरिकलाई सक्षम बनाउने साधन बन्नुपर्छ।

*१५. हरित समाजवाद (प्रकृति र समृद्धिको सन्तुलन):* नेपालको हिमाल, पानी, वन, जैविक विविधता र प्राकृतिक स्रोत विकासका बाधक होइनन्, राष्ट्रिय सम्पत्ति हुन्। जलवायु परिवर्तनको प्रभाव हिमाल, कृषि, पानी र विपद्का रूपमा देखिइरहेको अवस्थामा विकासको पुरानो ढाँचा पुनर्विचार गर्नुपर्छ। जलविद्युत्, विद्युतीय यातायात, हरित उद्योग, नवीकरणीय ऊर्जा, वातावरणमैत्री पूर्वाधार र दिगो पर्यटनलाई समाजवादी विकासको नयाँ आधार बनाउन सकिन्छ। समृद्धि र वातावरणबीच द्वन्द्व होइन, सन्तुलन कायम गर्नु हरित समाजवादको विशेषता हुनुपर्छ।

*१६. नयाँ पुस्तासँग जोडिएको समाजवाद:* आजको पुस्तालाई पुराना नाराको पुनरावृत्तिले मात्र समाजवाद बुझाउन सकिँदैन। डिजिटल प्रविधि, कृत्रिम बुद्धिमत्ता, हरित अर्थतन्त्र, स्टार्टअप, नवप्रवर्तन र वातावरणीय न्याय आजको समाजवादका नयाँ विषय हुन्। युवालाई केवल पार्टीको झण्डा बोक्ने कार्यकर्ता होइन, नीति निर्माण, अनुसन्धान, उद्यम र नेतृत्वमा सहभागी गराउनुपर्छ। समाजवाद नयाँ पुस्ताको भविष्यसँग जोडिएन भने त्यो इतिहासको स्मृतिमा सीमित हुन सक्छ।

बाँकी पृष्ठ ३मा

# राजनीतिमा अल्झिएका विकास आयोजना

सिरहा, २७ साउन । पाँच वर्षअघि सङ्घीय सरकार र लहान नगरपालिकाको संयुक्त लगानीमा निर्माण सुरु भएको लहान नगरपालिका-१७ स्थित देवीदह पर्यटकीय आयोजना अहिले अलपत्र अवस्थामा पुगेको छ।

सङ्घीय सरकारको ७० प्रतिशत र लहान नगरपालिकाको ३० प्रतिशत लागत साझेदारीमा निर्माण सुरु गरिएको उक्त आयोजना अन्तर्गत धार्मिक तथा पर्यटकीय क्षेत्रको सौन्दर्यीकरण गर्ने योजना थियो। करिब २० बिघा क्षेत्रफलमा फैलिएको देवीदहको विकासका लागि आर्थिक वर्ष २०७७/७८ मा ६ करोड ९३ लाख रुपैयाँ बजेट स्वीकृत गरिएको थियो।

निर्माण कम्पनी विकास एण्ड बस्नेत कन्स्ट्रक्सन प्रालिसँग सम्झौता भई करिब २० प्रतिशत काम सम्पन्न भए पनि त्यसपछि आयोजना अघि बढ्न सकेको छैन। विगत चार वर्षदेखि निर्माण कार्य ठप्प छ।

लहान बजारदेखि देवीदहसम्म पुग्ने करिब नौ किलोमिटर सडक ग्राभेल भइसकेको थियो। पोखरी परिसरमा विभिन्न संरचना निर्माणको तयारीसमेत अघि बढाइएको थियो। चारैतिर घेराबार, इन्टरलक, बोटिङ, स्विमिङ पुललगायतका संरचना निर्माण गरी यस क्षेत्रलाई प्रमुख पर्यटकीय



गन्तव्यका रूपमा विकास गर्ने महत्वाकांक्षी योजना बनाइएको थियो।

देवीदह वन उपभोक्ता समितिका अध्यक्ष कपलेश्वर यादवका अनुसार आयोजना सुरु हुँदा स्थानीयमा ठूलो उत्साह थियो। उहाँले भन्नुभयो, "पोखरीलाई व्यवस्थित गरी पर्यटकीय गन्तव्य बनाउने योजना उत्साहका साथ अघि बढेको थियो। आयोजना पूरा भएको भए देवीदहको स्वरूप नै फेरिन सक्थ्यो।" तर अहिले पोखरी वरिपरि निर्माण हुन थालेका संरचनाका अवशेष मात्र देखिन्छन्।

वि.सं. २०७९ को स्थानीय तह निर्वाचनपछि परिस्थितिमा परिवर्तन आएको स्थानीय जनप्रतिनिधिहरू बताउँछन्। लहान नगरपालिका-१७ का वडाध्यक्ष प्रथमलाल चौधरीका अनुसार नयाँ नेतृत्व आएपछि अघिल्लो नगरप्रमुख मुनि साहको कार्यकालमा सुरु भएका आयोजनाको सूची तयार गरी नवीकरण तथा बजेट निकासामा रोक लगाइएको थियो।

सङ्घीय सरकारको करिब ८० लाख रुपैयाँ खर्च भइसकेपछि आयोजनाको बाँकी काम रोकिएको बताइएको छ। नगरपालिकाले आफ्नो हिस्साको ३० प्रतिशत बजेट व्यवस्थापन गर्न नसक्दा तथा भुक्तानी नहुँदा निर्माण कम्पनीले अधुरै काम छाडेको वडाध्यक्ष चौधरीको भनाइ छ।

तर लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले राजनीतिक पूर्वाग्रहका कारण नभई वित्तीय तथा प्रक्रियागत जटिलताका कारण कतिपय आयोजना रोकिएको बताउनुभएको छ। उहाँका अनुसार स्रोत सुनिश्चितता, प्राविधिक तयारी तथा कानुनी प्रक्रिया पूरा नगरी अघि बढाइएका योजनाका कारण नगरपालिकामा वित्तीय दायित्व सिर्जना भएको हो।

यस्तो समस्या लहानमा मात्र सीमित छैन। सिरहाका अन्य स्थानीय तहमा पनि बहुवर्षीय आयोजना नेतृत्व परिवर्तन, राजनीतिक विवाद, बजेट अभाव तथा प्रक्रियागत जटिलताका कारण अधुरै रहेका छन्।

धनगढीमाई नगरपालिकामा तत्कालीन नगरप्रमुख हरिनारायण चौधरीको कार्यकालमा २०७५ सालमा करिब १७ करोड रुपैयाँ लागतमा १५ शय्याको नगर अस्पताल निर्माण सुरु गरिएको थियो। दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको उक्त आयोजना नयाँ नेतृत्व आएपछि भुक्तानी रोकिँदा अधुरै रहेको स्थानीयको गुनासो छ।

यसका साथै जनता माध्यमिक विद्यालय बेतहा, जनता माध्यमिक विद्यालय पूर्वहनुमाननगर, जनता माध्यमिक विद्यालय तीनकोनी प्राविधिक विद्यालय तथा मदन भण्डारी माध्यमिक विद्यालयका निर्माणाधीन भवनसमेत बजेट अभावमा रोकिएका छन्।

धनगढीमाई नगरपालिका-१० मा भारतीय दूतावासको सहयोगमा निर्माण गरिएको प्राकृतिक अस्पताल पनि सञ्चालनको अन्तिम तयारीमा पुगेर बन्द हुने अवस्थामा रहेको बताइएको छ। तत्कालीन नगरप्रमुख चौधरीले पछिल्लो नेतृत्वको बेवास्ताका कारण अस्पताल सञ्चालनमा आउन नसकेको आरोप लगाउनुभएको छ।

वर्तमान नगरप्रमुख शिवशङ्कर महतोले भने विगतको नेतृत्वले स्रोत सुनिश्चितता नगरी तथा प्रक्रियागत कमजोरीका बीच ठेक्का लगाउँदा कानुनी र वित्तीय समस्या उत्पन्न भएको बताउनुभएको छ। उहाँले आवश्यक कार्यविधि तयार गरी रोकिएका आयोजना सञ्चालन गर्ने तयारी भइरहेको बताउनुभयो।

गोलबजार नगरपालिकामा पनि अवस्था उस्तै छ। तत्कालीन नगरप्रमुख देवनाथ साहको कार्यकालमा २०७७ सालमा करिब २८ करोड रुपैयाँ लागतमा सुरु भएको बहुवर्षीय नगर भवन चार तलाको ढलान सम्पन्न भएर अन्तिम चरणमा पुगेको थियो। तर निर्माण सम्पन्न हुने चरणमा पुगेको उक्त भवनको ठेक्का रद्द भएपछि संरचना अहिले रेखदेखको अभावमा जीर्ण बन्दै गएको छ।

निर्माण कम्पनीले ठेक्का रद्द गर्ने निर्णयविरुद्ध उच्च अदालत पाटनमा रिट दायर गरेको छ। गोलबजार नगरपालिकाका प्रमुख श्याम श्रेष्ठले भने ठेकेदारको ढिलासुस्तीका कारण कानुनी प्रक्रियाअनुसार ठेक्का रद्द गरिएको बताउनुभएको छ। मुद्दा अदालतमा विचाराधीन रहेकाले नयाँ प्रक्रियाबाट नगर भवन निर्माण सम्पन्न गर्ने कामसमेत रोकिएको उहाँको भनाइ छ।

नेपालको संविधानअनुसार स्थानीय तह अविच्छिन्न उत्तराधिकारवाला निकाय हुन्। आवधिक निर्वाचनबाट नेतृत्व परिवर्तन भए पनि संस्थाको दायित्व, सम्पत्ति तथा सुरु भइसकेका विकास आयोजनाको जिम्मेवारी समाप्त हुँदैन। अघिल्लो नेतृत्वले सुरु गरेको भन्दै विकास आयोजना रोक्नु सार्वजनिक उत्तरदायित्व र वित्तीय अनुशासनका दृष्टिले पनि उचित मानिँदैन।

अर्थशास्त्री धरणीधर अधिकारीका अनुसार निर्माणमा सार्वजनिक रकम खर्च भइसकेपछि आयोजना बीचमै रोकिँदा सबैभन्दा ठूलो नोक्सानी करदातालाई हुन्छ। उहाँका अनुसार समयमै आयोजना सम्पन्न नहुँदा सार्वजनिक लगानीबाट अपेक्षित सेवा प्राप्त हुँदैन, कानुनी दायित्व तथा बेरुजु बढ्ने सम्भावना रहन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि स्थानीय तहलाई अविच्छिन्न उत्तराधिकारवाला संस्थाका रूपमा परिकल्पना गरेको छ। त्यसैले नेतृत्व परिवर्तनसँगै विकास आयोजनाको प्राथमिकता र कार्यशैली परिवर्तन हुन सक्ला, तर कानुनी र प्राविधिक रूपमा अघि बढिसकेका आयोजना राजनीतिक प्रतिस्पर्धाको सिकार बन्नु हुँदैन।

लहानका स्थानीय सत्यनारायण चौधरीको प्रश्नले आमनागरिकको पीडालाई प्रतिनिधित्व गर्छ–नेता र नेतृत्व फेरिए पनि नागरिकको आवश्यकता फेरिँदैन। अघिल्लो नेतृत्वले सुरु गरेका योजना नयाँ नेतृत्वले अस्वीकार गर्दै जाने हो भने सार्वजनिक स्रोतको उपयोगिता र विकासको निरन्तरता दुवैमा प्रश्न उठ्नेछ।

राजनीतिक विश्लेषक राजेश विद्रोहीको भनाइमा स्थानीय सरकार व्यक्ति नभई संस्था हो। निर्वाचनले नेतृत्व परिवर्तन गर्छ, तर राज्यको दायित्व परिवर्तन गर्दैन। विकास आयोजनालाई राजनीतिक स्वामित्व र जस-अपजसको विषय बनाउने प्रवृत्ति अन्त्य नगरेसम्म यसको मूल्य अन्ततः नागरिकले नै चुकाउनुपर्नेछ। रासस

# नेपाली माटो............

*१७ सामुदायिक समाजवादः* नेपालको मौलिक शक्ति समुदाय हो। स्थानीय तह, सहकारी, सामुदायिक वन, किसान समूह, उपभोक्ता समूह र स्थानीय उद्यमलाई विकासको साझेदार बनाउनुपर्छ। नागरिक विकासका उपभोक्ता मात्र होइन, उत्पादन, निर्णय र स्वामित्वका सहभागी बन्नुपर्छ। यसले राज्यको केन्द्रीकरण घटाएर स्थानीय स्रोत, श्रम र सीपलाई स्थानीय अर्थतन्त्रसँग जोड्छ। सहकारीलाई राजनीतिक प्रभाव र वित्तीय विकृतिबाट मुक्त गर्दै वास्तविक उत्पादन र सामुदायिक स्वामित्वको माध्यम बनाउन आवश्यक छ।

*नेपाली माटो सुहाउँदो समाजवाद*

समाजवाद नारा होइन, जीवनपद्धति हो। अब नेपालले "समाजवाद कि पुँजीवाद?" भन्ने पुरानो द्वन्द्वमा मात्र अल्झिरहनु हुँदैन। अबको मूल प्रश्न कस्तो समाजवाद? कसका लागि? कुन उत्पादन प्रणालीबाट? कस्तो राज्य र कस्तो लोकतान्त्रिक संस्कारमार्फत? भन्ने हुनुपर्छ। स्पष्ट जनताकेन्द्रित वैचारिक, राजनीतिक र आर्थिक नीति तय गरी लागू गरिनुपर्छ।

नेपालको माटो सुहाउने समाजवादले बजारलाई अस्वीकार गर्दैन, तर बजारलाई समाजभन्दा माथि राख्दैन। निजी उद्यमलाई रोक्दैन, तर एकाधिकारलाई स्वीकार गर्दैन। राज्यलाई कमजोर बनाउँदैन, तर राज्यलाई सर्वशक्तिमान पनि बनाउँदैन। सहकारी र समुदायलाई महत्त्व दिन्छ, तर तिनलाई राजनीतिक स्वार्थको साधन बन्न दिँदैन।

नेपाली समाजवादको मूल उद्देश्य नागरिकलाई बराबर बनाउनु होइन; बराबर सम्मान, बराबर अवसर र न्यायपूर्ण जीवनको आधार उपलब्ध गराउनु हो। अन्ततः नेपाली समाजवादको सफलता संविधान वा घोषणापत्रमा लेखिएको शब्दबाट होइन, नागरिकको जीवनमा आएको परिवर्तनबाट मापन हुनुपर्छ।

किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउँछ कि पाउँदैन? युवाले देशमै भविष्य देख्छ कि देख्दैन? श्रमिकले सम्मानजनक काम पाउँछ कि पाउँदैन? गरिब परिवारका छोराछोरीले गुणस्तरीय शिक्षा पाउँछन् कि पाउँदैनन्? बिरामी हुँदा उपचारको अधिकार सुनिश्चित हुन्छ कि हुँदैन? राज्यका कार्यालयमा नागरिकको सम्मान हुन्छ कि हुँदैन? सार्वजनिक सम्पत्ति सुरक्षित हुन्छ कि हुँदैन? यी प्रश्नको सकारात्मक उत्तर दिन सक्ने व्यवस्था नै नेपाली समाजवादको वास्तविक परीक्षा हो।

नारा बदलेर समाजवाद आउँदैन। उत्पादन बदलिए, संस्था बदलिए, राजनीतिक संस्कार बदलिए र नागरिकको जीवनस्तर बदलिएपछि मात्र समाजवाद मानव जीवनमा आउँछ।

त्यसैले अबको बहस समाजवादको नाम र नारामा होइन, समाजवाद जनताको जीवन र व्यवहारमा कसरी उतार्ने भन्ने विषयमा हुनुपर्छ।

नेपालको आफ्नै इतिहास, लोकतान्त्रिक अनुभव, सामाजिक विविधता, आर्थिक सम्भावना, भूराजनीतिक अवस्थिति र नयाँ पुस्ताको आकांक्षाबाट जन्मिएको लोकतान्त्रिक, उत्पादनमुखी, सामाजिक न्यायमा आधारित, प्रविधिमैत्री, हरित विकासमा केन्द्रित र राष्ट्रिय स्वाधीनतासहितको नेपाली समाजवाद नै हाम्रो मौलिक बाटो बन्न सक्छ।

# लुटपाट आरोपमा दुई पक्राउ

दैनिक समाचारदाता

गोरखा, २७ साउन । लुटपाटको आरोपमा गोरखा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा पालुङटार नगरपालिका-२, हर्मीकोट आँपपिपलका २२ वर्षीय कृष्ण परियार र ओडारेका २३ वर्षीय कुशल एसी रहेका छन्। उनीहरूलाई मंगलबार पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार यही साउन ५ गते राति करिब साढे ९ बजे उनीहरूले ओडारेका दुर्गा एसीलाई लुटपाट गरेका थिए।

जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठका अनुसार हर्मीबाट आफ्नो घर ओडारेतर्फ जाँदै गरेका दुर्गा एसीलाई पालुङटार नगरपालिका-२ स्थित भण्डारी चौतारोको सार्वजनिक बाटोमा रोकेर लुटपाट गरिएको थियो।'कालो नकाब लगाएर उनीहरूलाई रोकेका थिए,' प्रहरी नायब उपरीक्षक श्रेष्ठले भन्नुभयो, 'प्लास्टिकको बोराले मुख छोपेर नाइलनको डोरीले बाँध्ने प्रयास गरेपछि एक लाख ७० हजार रुपैयाँ नगद तथा अन्य कागजात रहेको झोला लिएर फरार भएका थिए।'

घटनामा संलग्न रहेको आरोपमा पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# ५१ लाखसहित एक पक्राउ



दैनिक समाचारदाता

सर्लाही २७ साउन । सर्लाहीको ब्रह्मपुरी गाउँपालिका-२ स्थित राजदेवी मन्दिरअगाडिबाट स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरी टोलीले भेल्हीबाट बयलबासतर्फ जाँदै गरेको ज १० प ८६५२ नम्बरको स्कुटर रोकेर जाँच गर्ने क्रममा उक्त रकम बरामद गरेको हो।

प्रहरीका अनुसार स्कुटरको डिकी, अगाडिको फुटबोर्ड तथा बोकेर ल्याइएको कालो झोलाभित्र लुकाइछिपाइ राखिएको अवस्थामा स्रोत नखुलेको ५१ लाख ३४ हजार रुपैयाँ बरामद गरिएको हो।

बरामद रकममध्ये एक हजार रुपैयाँ दरका तीन हजार ५०० थान, पाँच सय रुपैयाँ दरका तीन हजार १०८ थान, एक सय रुपैयाँ दरका सात सय थान र ५० रुपैयाँ दरका दुई सय थान नोट रहेका छन्।

पक्राउ गर्ने क्रममा स्कुटर अनियन्त्रित भई दुर्घटना हुँदा चालक महोत्तरीको गौशाला नगरपालिका-१२ निवासी ५७ वर्षीय जगन्नाथ महतो कोइरी घाइते हुनुभएको प्रहरीले जनाएको छ। उहाँको प्रादेशिक अस्पताल मलङ्गवामा प्रारम्भिक उपचारपछि थप उपचारका लागि म्याक्स अस्पताल मलङ्गवा लगिएको र हाल स्वास्थ्य अवस्था सामान्य रहेको बताइएको छ।

उहाँलाई नियन्त्रणमा लिने क्रममा जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी सहायक हवल्दार राजेशकुमार यादव र प्रहरी जवान रामचन्द्र यादवसमेत सामान्य घाइते हुनुभएको थियो। दुवै जनाको प्रादेशिक अस्पताल मलङ्गवामा उपचारपछि डिस्चार्ज भइसकेको प्रहरीले जनाएको छ।

बरामद रकम, स्कुटर तथा पक्राउ परेका कोइरीलाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com,
मो.नं.: ९८५४०२०९२२

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# १८१ दलित महिलालाई सिलाइ मेसिन वितरण

दैनिक समाचारदाता
जनकपुरधाम, २७ साउन । दलित महिलालाई लक्षित गरी जानकी महिला जागरण समाजले सञ्चालन गरेको जीवनोपयोगी सीप तथा जीविकोपार्जन सहयोग कार्यक्रम निकै महत्वपूर्ण रहेको जनकपुरधाम उपमहा नगरपालिकाका प्रमुख मनोज साहले बताउनुभएको छ।



उहाँले दलित महिलालाई उनीहरूको इच्छा र आवश्यकताअनुसार सीपमूलक तथा आयआर्जनसम्बन्धी तालिम प्रदान गरी तालिमअनुसार जीविकोपार्जन गर्न सहयोग गर्नु सामान्य विषय नभएको बताउनुभयो। सहयोग रकमका हिसाबले थोरै देखिए पनि यसले एउटा परिवारलाई आयआर्जनको आधार तयार गर्न महत्वपूर्ण भूमिका खेल्ने उहाँको भनाइ थियो।

दलित महिलालाई सिलाइ मेसिन तथा अन्य सामग्री वितरण गर्दै प्रमुख साहले जानकी महिला जागरण समाजले करिब १५ हजार रुपैयाँ बराबरका सामग्री वितरण गरेको भए पनि जनकपुर बजारमा सोही सामग्रीको मूल्य करिब २५ हजार रुपैयाँसम्म पर्ने बताउनुभयो। उहाँले पारदर्शी ढंगले र उचित मूल्यमा सामग्री खरिद गर्ने कार्य अन्य संघसंस्थाका लागि पनि अनुकरणीय रहेको उल्लेख गर्नुभयो।

प्रमुख साहले लक्षित दलित महिलालाई सम्बोधन गर्दै आयआर्जनमा आत्मनिर्भर बन्दै जाँदा आफ्नो संस्कार र पारिवारिक मूल्य-मान्यतालाई नबिर्सन आग्रह गर्नुभयो। उहाँले सासु-ससुरा, श्रीमान् तथा परिवारका अन्य सदस्यप्रति पनि सम्मानभाव कायम राख्नुपर्ने बताउनुभयो।

कार्यक्रममा १२९ जना दलित महिलालाई सिलाइ मेसिन, कैँची, स्केल, धागो, रबर, इलेक्ट्रोनिक आइरन तथा झोलासहितका सामग्री वितरण गरिएको थियो। तालिम सम्पन्न गरेका कूल १८१ जना दलित महिलालाई चरणबद्ध रूपमा उक्त सामग्री वितरण गरिएको जनाइएको छ।

स्ट्रिट चाइल्डको सहयोगमा जानकी महिला जागरण समाजले सञ्चालन गरेको उक्त जीविकोपार्जन कार्यक्रममा यसबाहेक करिब पाँच सय महिलालाई बाख्रा, सुँगुर, गाईपालन, किराना पसल सञ्चालन तथा अन्य व्यवसायका लागि प्रतिव्यक्ति १५ हजार रुपैयाँ बराबरको सहयोगसमेत उपलब्ध गराइएको छ।

कार्यक्रममा लोरियल फन्ड फर बुमेन, कोर्टियर डोन्ज फाउन्डेसन, प्रो-सोलिडार फाउन्डेसन तथा फ्रेश लिफ फाउन्डेसनलगायत संस्थाको पनि सहयोग रहेको बताइएको छ।

कार्यक्रममा जानकी महिला जागरण समाजका अध्यक्ष मन्दा कर्ण, कार्यक्रम व्यवस्थापक विष्णु भण्डारीलगायत वक्ताहरूले आ-आफ्नो धारणा राख्नुभएको थियो।

# विभिन्न मुद्दाका ७ फरार प्रतिवादी पक्राउ

दैनिक समाचारदाता
जनकपुरधाम, २७ साउन । धनुषा प्रहरीले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका सात जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा प्रहरी कार्यालय तथा मातहतका प्रहरी युनिटबाट खटिएको टोलीले उनीहरूलाई जिल्लाका विभिन्न स्थानबाट खोजतलास गरी पक्राउ गरेको हो ।

पक्राउ परेका प्रतिवादीहरूलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पठाइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये लागूऔषध मुद्दाका एक जनालाई दुई महिना कैद सजाय तोकिएको थियो । चोरी मुद्दाका एक जनालाई २५ दिन कैद र २ हजार जरिवाना तथा सवारी ज्यान मुद्दाका एक जनालाई १९ दिन कैद र १ लाख ६५ हजार जरिवाना तोकिएको थियो ।

त्यस्तै, सवारी अंगभंग मुद्दामा एक जनालाई ३ हजार जरिवाना र वन पैदावार मुद्दामा एक जनालाई १५ दिन कैद तथा ९४ हजार १३६ जरिवाना तोकिएको थियो ।

पक्राउ परेका अन्य दुई जना पनि सवारी ज्यान मुद्दामा अदालतको फैसला कार्यान्वयनका क्रममा फरार रहेका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मधुसुधन न्यौपानेले अदालतबाट फैसला भई लामो समयदेखि फरार रहेका प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइएको जानकारी दिए । प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीहरूको खोजी कार्य तीव्र पारिएको जनाएको छ ।

# रेडक्रसको संशोधित विधानमा रोक




दैनिक समाचारदाता
काठमाडौँ, २७ साउन । नेपाल रेडक्रस सोसाइटी (नेरेसो) को संशोधित विधान कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ।

नेरेसोका सुदूरपश्चिम प्रदेश अध्यक्ष दिलबहादुर बुढाले दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले संशोधित विधान तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो।

महिला, बालबालिका, लैङ्गिक तथा अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालयलाई विपक्षी बनाई दर्ता गरिएको रिटमा अदालतले नवगठित तदर्थ समितिलाई मन्त्रालयले दिएको कार्यादेशअनुसार विधान संशोधन गर्ने अधिकार नभएको जिकिरलाई आधार बनाउँदै अन्तरिम आदेश जारी गरेको बताइएको छ।

सरकारले डा. विशाल भण्डारीको नेतृत्वमा नेपाल रेडक्रस सोसाइटीको केन्द्रीय तदर्थ समिति गठन गरेको थियो। उक्त तदर्थ समिति आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई विधान संशोधन गरेको दाबी गर्दै रिट दायर गरिएको थियो।

रिटको अन्तिम टुङ्गो नलागेसम्म संशोधित विधान कार्यान्वयन नगर्न अदालतले आदेश दिएको हो।

यद्यपि, तदर्थ समितिलाई मन्त्रालयले असार ३ गते दिएको कार्यादेशको मूल खण्डमा भने विधान संशोधनसम्बन्धी विषय पनि उल्लेख गरिएको छ। कार्यादेशमा नेपाल रेडक्रस सोसाइटीमा विद्यमान समसामयिक परिस्थितिको समाधानका लागि नेपालको संविधान, प्रचलित कानुन तथा अन्तर्राष्ट्रिय रेडक्रस सोसाइटीका मान्यताअनुरूप संस्थाको विधान संशोधन गरी समाज कल्याण ऐन, २०४९ को दफा २० को उपदफा (३) बमोजिम तीन महिनाभित्र संस्थाको विधानअनुसार नयाँ कार्यसमिति गठन गर्नुपर्ने उल्लेख गरिएको छ।

# प्रतिबन्धित डीजेसहित गाडी नियन्त्रणमा

दैनिक समाचारदाता
सर्लाही, २७ साउन । सर्लाही प्रहरीले ध्वनि प्रदूषण तथा मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने भन्दै प्रतिबन्धित अवस्थामा सञ्चालन गरिएको डीजेसहितको गाडी नियन्त्रणमा लिएको छ।





जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार जिल्ला प्रशासन कार्यालय तथा जिल्ला सुरक्षा समितिको निर्णयविपरीत ठूलो आवाजमा डीजे बजाउँदै हिँडेको गाडीलाई प्रहरीले मलङ्वा नगरपालिका-९, गोरखकालीबाट नियन्त्रणमा लिएको हो। प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार डीजे जडित साउन्ड सिस्टमसहितको १९ च ४२९१ नम्बरको योद्धा गाडी नियन्त्रणमा लिइएको छ।

गाडीसँगै प्रहरीले डीजे सञ्चालक हरिपुर नगरपालिका-१ निवासी ५५ वर्षीय जागेश्वर पण्डित र गाडी चालक बागमती नगरपालिका-४ निवासी २३ वर्षीय जगन्नाथ साहलाई समेत नियन्त्रणमा लिएको जनाएको छ।

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय, जिल्ला प्रशासन कार्यालयले विभिन्न सरोकारवालासँग गरेको सहमति तथा जिल्ला सुरक्षा समितिको निर्णयविपरीत ध्वनि प्रदूषण हुने गरी डीजे सञ्चालन गरिएको पाइएपछि गाडी र संलग्न व्यक्तिलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

नियन्त्रणमा लिइएको गाडी, डीजे तथा दुवै जनामाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिनुभयो।प्रहरीले मानव स्वास्थ्यमा प्रतिकूल असर पार्ने तथा ध्वनि प्रदूषण गराउने गरी डीजे तथा अन्य साउन्ड सिस्टम नबजाउन सम्बन्धित सबैलाई आग्रह गरेको छ। आदेशको उल्लङ्घन गरी डीजे सञ्चालन गरे कानुनबमोजिम कारबाही गरिने प्रहरीले चेतावनी दिएको छ।

# जय नेपाल पार्टी' दर्ता हुँदै



दैनिक समाचारदाता
काठमाडौँ, २७ साउन । धवलशमशेर राणा र दुर्गा प्रसाईको नेतृत्वमा गठन हुन लागेको 'जय नेपाल पार्टी' दर्ताका लागि साउन २९ गते शुक्रबार निर्वाचन आयोगमा निवेदन पेस गरिने भएको छ।

राणाद्वारा जारी आह्वानपत्रअनुसार निर्वाचन आयोगमा राजनीतिक दल दर्ताका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भइसकेको जनाइएको छ।


मंगलबार बसेको कार्यदलको बैठकले शुक्रबार दल दर्ताका लागि निवेदन पेस गर्ने निर्णय गरेको हो। राणाले शुक्रबार दिउँसो सवा १२ बजे निर्वाचन आयोग पुग्ने कार्यक्रम तय भएको जानकारी दिनुभएको छ।


अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com // मो.नं.: ९८५४०२०९२२



अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४